# नागोया नगरपालिका राष्ट्रिय स्वास्थ्य बीमा (कोकुमिन केन्को होकेन) को पुस्तिका (संक्षिप्तमा)

## 1 राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुने बारे

### (1) राष्ट्रिय स्वास्थ्य बीमा भनेको

जापानमा बसोबास गर्ने व्यक्ति जुन सुकै देशको नागरिक भए पनि, कुनै न कुनै एक सरकारी मान्यता प्राप्त सार्वजनिक स्वास्थ्य बीमामा आबद्ध हुनु अनिवार्य छ। आबद्ध भएका सबै सदस्यहरूले योगदानको रूपमा बीमा रकम बहन गर्ने भएकोले, तपाइले अस्पताललाई तिर्ने पैसा कूल उपचार खर्चको 30% मात्र तिरे पुग्ने हुन्छ।

### (2) राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुने

साधारणतया 3 महिना भन्दा बढी समय जापानमा बसोबास गर्ने अनुमति (भिषा) भएका विदेशीहरू राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुनु पर्छ। स्वैच्छिक नभइ अनिवार्य रूपले आबद्ध हुनु पर्छ। यो जापानको कानूनले निर्धारण गरेको व्यवस्था हो।

### (3) राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुने प्रक्रिया 14 दिन भित्र



नागोया नगरपालिकामा बसाई सराई गरि आएको दिन देखि 14 दिन भित्र आफू बसोबास गर्ने वडाको वडा कार्यालयको बीमा तथा पेन्सन शाखा (होकेन नेनकिन खा) वा वडा शाखा कार्यालयको वडाबासी समाज कल्याण शाखा (कुमिन फुकुसि खा) मा गएर प्रक्रिया चाल्नु होला।

◆ प्रक्रिया चाल्न ढिला भएमा...

- स्वास्थ्य बीमा पात्रता प्रमाणपत्र (होकेनश्यो) प्रक्रिया चालेको दिनबाट मात्र कार्ड प्रयोग गर्न मिल्ने।
- बीमा रकम नागोया नगरपालिकामा बसाई सराई गरी आउनु भन्दा अघि देखिको बीमा रकम समेत अनिवार्य रूपले तिर्नु पर्छ।

## 2 स्वास्थ्य बीमा पात्रता प्रमाणपत्र प्रयोग गर्ने बारेमा



- अस्पतालमा स्वास्थ्य जाँच गराउने बेलामा स्वास्थ्य बीमा पात्रता प्रमाणपत्र (होकेनश्यो) देखाउनु होला। स्वास्थ्य बीमा पात्रता प्रमाणपत्र देखाएमा तपाइले अस्पताललाई तिर्नु पर्ने कूल उपचार खर्चको 30% मात्र तिरे पुग्ने हुन्छ।
- स्वास्थ्य बीमा पात्रता प्रमाणपत्र अरू व्यक्तिलाई सापटी दिएमा वा अरूबाट सापटी लिएमा कानून बमोजिम कारबाही हुन्छ।
- स्वास्थ्य बीमा पात्रता प्रमाणपत्र, बसोबास गर्ने वडाको वडा कार्यालय (शाखा कार्यालय) बाट प्राप्त गर्नु होला।
- उपचार खर्च ठूलो रकम लाग्ने देखिएमा, बसोबास गर्ने वडाको वडा कार्यालय (शाखा कार्यालय) बाट उपचार खर्चको अधिकतम सीमा लागू हुने प्रमाणपत्र (गेन्दोगाकु तेकियोः निन्तेइश्यो) प्राप्त गरी स्वास्थ्य बीमा पात्रता प्रमाणपत्रसँगै अस्पताललाई देखाएमा, तिर्नु पर्ने उपचार खर्च (बोझ) कम हुन्छ।

※उपचार खर्चको अधिकतम सीमा लागू हुने प्रमाण पत्र (गेन्दोगाकु तेकियोः निन्तेइश्यो), बीमा रकम नतिरी बक्यौता भएको अवस्थामा प्रयोग गर्न पाउँदैन।

## 3　राष्ट्रिय स्वास्थ्य बीमा रकम गणना तरिका बारेमा

(1)　बीमा रकमको गणना तथा निर्धारण

- बीमा रकम दामासाहीले विभाजन गरेको रकम (आबद्ध व्यक्तिहरूको संख्याको आधारमा निस्केको रकम) र आयको प्रतिशत (आयको आधारमा आउने रकम) बाट निर्धारण गरिन्छ।
- बीमा रकम प्रत्येक वर्ष जुन महिनामा निर्धारण गरी, दाखिला भौंचर मार्फत जानकारी गराइने छ।

※राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध भएको वर्षको बीमा रकम, साधारणतया आबद्ध हुन निवेदन दिएको महिनाको अर्को महिनामा जानकारी गराइने छ।

**दाँयाको गणनाको उदाहरण जस्तै गत वर्षको आय (आम्दानी) बढेसँगै अर्को वर्षको जुन महिनाबाट बीमा रकम पनि वढ्ने हुन्छ।**

**बीमा रकम गणनाको उदाहरण (40 वर्ष मुनिको, 1 परिवारको घर भएमा)**

◆ मोडेल केस 1. (गत वर्षको पारिश्रमिक आय 10.8 लाख येन)
⇒ एक महिनाको लगभग 1,600 येन

◆ मोडेल केस 2. (गत वर्षको पारिश्रमिक आय 15 लाख येन)
⇒ एक महिनाको लगभग 8,500 येन

◆ मोडेल केस 3. (गत वर्षको पारिश्रमिक आय 20 लाख येन)
⇒ एक महिनाको लगभग 14,400 येन

(2)　बीमा रकम घट्ने

गत वर्षको आय निश्चित रकम भन्दा कम भएको अवस्थामा, स्वतः बीमा रकम घटाइने छ।

(3)　बीमा रकम छुट या मिन्हा

बीमा रकम छुट गराउन वा मिन्हा गराउनको लागि

① मापदण्ड पुरा भएको हुनु पर्छ।

② वडा कार्यालय (शाखा कार्यालय) मा निवेदन दिनु आवश्यक छ।

◆ बीमा रकम छुट या मिन्हा गर्ने व्यवस्थाको बारे उदाहरण

- 【आयमा अत्याधिक गिरावट】… यस वर्षको आय, गत वर्षको आयको तुलनामा अत्याधिक गिरावट आउने भएमा, कूल आयको 30% देखि 70% सस्तो हुने छ।

वास्तविक आय सोचे अनुसारको अत्याधिक गिरावट नभएको अवस्थामा, अर्को वर्ष देखि अनिवार्य रूपले अतिरिक्त थप बीमा रकम तिर्नु पर्नेछ।

## 4　बीमा रकम दाखिला गर्ने बारे

- बीमा रकमलाई महिनै पिच्छेको किस्तामा विभाजन गरी प्रत्येक महिना दाखिला गर्नु होला।
- बीमा रकम बैक खाताबाट स्वतः रकमान्तर गर्ने प्रक्रियाबाट दाखिला गर्नु होला।
- बैक खाताबाट स्वतः रकमान्तर गर्ने प्रक्रियाको लागि निवेदन दिन बैकको क्यास कार्ड चाहिने भएकोले, बैकको क्यास कार्ड लिएर वडा कार्यालयमा आउनु होला।




・बीमा रकम प्रत्येक महिनाको अन्तिम दिन (अन्तिम दिन वित्तीय संस्था बिदा परेको अवस्था भोलि पल्ट कार्यालय खुल्ने दिन) मा बैक खाताबाट रकम कट्टी गरिने छ।
・बैक खाताबाट स्वतः रकमान्तर प्रक्रिया सुरु हुनु भन्दा पहिलाको बीमा रकम दाखिला भौचरबाट तिर्नै गर्नु होला।

◆राष्ट्रिय स्वास्थ्य बीमा रकम, कर जस्तै अनिवार्य रूपले तिर्नु कर्तव्य हो।

◆केही वित्तीय संस्थाहरूको वेबसाइटबाट खाता (रकमान्तर) स्थानान्तरणको लागि आवेदन दिन सकिन्छ ।

5 बीमा रकम दाखिला नगरी बक्यौता भएमा

・कार्यरत कम्पनी (पार्ट टाइम काम गर्ने ठाउँ ) मा फोन गर्न पनि सकिन्छ।
・अतिरिक्त रकम तिर्न लगाउने छ।
・सम्पाति जफत गरी असुल्ने छ।
**・तपाईंले आफ्नो बसाइको अवधि नवीकरण गर्न नसक्ने सम्भावना छ।**




कृपया यहाँ विवरणहरूको लागि हेर्नुहोस् ।→

◆सोधपुछको लागि, बसोबास गरिरहनु भएको वडाको वडा कार्यालयको कुयाकु-स्यो होकेन् नेन्किन्-खा (वडा कार्यालय बिमा तथा पेन्सन शाखा) अथवा सिस्यो कुमिन् फुकुसि-खा (स्थानीय लोक कल्याण शाखा) को बिमा कर्मचारी समक्ष

◆ दायाँ पट्टीको QR कोड स्क्यान गरेर हेरेमा, राष्ट्रिय स्वास्थ्य बीमासँग सम्बन्धित विस्तृत जानकारी पाउन सकिन्छ।